मिति २०७६।११।०४

<u>**छलफलका लागी पेश भएका प्रस्तावहरु**</u>

१. तराई मधेश समृद्धी कार्यक्रम सम्वन्धमा ।
२. सडक बोर्ड नेपालको कार्यक्रम संचालन सम्वन्धमा ।
३. पाँचौ नगरसभा गर्ने सम्वन्धमा ।
४. आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालनको लागि जनशक्ति ब्यवस्थापन गर्ने सम्वन्धमा ।
५. प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा एम.वि.वि.अस. डाक्टर करारमा राख्ने सम्वन्धमा ।
६. बाखा साटासाट कार्यक्रम संचालन कार्यविधि २०७६ सम्वन्धमा ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको तराई मधेश समृद्धी कार्यक्रम संचालन सम्वन्धी प्रस्तावमा छलफल गर्दा आगामी आ व २०७७।०७८ को लागी नेपाल सरकारको तराई मधेश समद्धी कार्यक्रममा देहाय बमोजिमको योजना स्वीकृत गरी तराई मधेश समृद्धी कार्यक्रममा पठाउने निर्णय गरियो

| क.सं. | योजनाको नाम | योजना स्थल | लागत ब्यहोर्ने | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | तराई मधेश समृद्धी कार्यक्रम बाट रु. ९० प्रतिशत | हरिपुर नगरपालिकाबाट न्युनतम १० प्रतिशत ( म्याचिङ्ग फण्डबाट) | जम्मा रकम रु. | |
| १ | सामुदायिक भवन निर्माण | वडा नं. ७ | ९०,००,०००।०० | १०,००,०००।०० | १,००,००,०००।०० | |
| २ | पुल निर्माण | वडा नं. ६ | ५४,००,०००।०० | ६,००,०००।०० | ६०,००,०००।०० | |
| ३ | साना झुलुंगे पुल | प्रमोदको घर देखि राम दुलारको घर जानेबाटो लखनदेही खोला | १,८०,००,०००।०० | २०,००,०००।०० | २,००,००,०००।०० | |
| | जम्मा | | ३,२४,००,०००।०० | ३६,००,०००।०० | ३,६०,००,०००।०० | |

## निर्णय नं. २

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको सडक बोर्ड नेपालको कार्यक्रम संचालन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको लागि सडक बोर्ड नेपालबाट संचालनको लागि स्वीकृत भई आयका देहायका योजनाहरुको निम्न अनुसार संचालन गर्ने र उपभोक्ता समितिबाट संचालन हुने योजनाको हकमा नगरप्रमुख ज्युको अध्यक्षतामा गठन भई आएको उपभोक्ता समितिसँग सम्झौता गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो । साथै उपभोक्ता समितिको

हरिपुर नगरपालिका, सर्लाही

लागत सहभागीता नगदमा गर्ने भनी निर्णय भएकोमा उक्त लागत सहभागीतामा काम गर्न कुनेपनि उपाभोक्ता समितीहरु नआएकोले जनश्रमदानबाट योजना संचालन गरी अन्तिम भुक्तानी गर्दा लागत सहभागीता १२ प्रतिशत कट्टा गरी वाकी रकम भुक्तानी गर्ने गरी सडक वोर्ड नेपालको योजना संचालन गनै निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | योजना स्थल | लागत सहभागिता | | | | संचालन प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सडक बोर्ड नेपाल ७०% | नगरपालिका १८ % | उपभोक्ता समिति लागत १२ % | कुल जम्मा | | |
| १ | सडक ग्राभेल तथा मर्मत सम्भार | वडा नं. १ को रेन्जर कुवाटर देखि पश्चिम हुँदै दक्षिण एस.एन.आर.टि.पी रोड सम्म | ११,००,००० | २,८२,८५० | १८८५८० | १५,७१,४३० | उपभोक्ता समिति मार्फत | |
| २ | सडक ग्राभेल तथता मर्मत सम्भार | हरिपुर वडा नं. ४ र ५ को हरैया चौक देखि पुर्व मजुर्वा बजार सम्म | १४००००० | ३६०००० | २४०००० | २०००००० | उपभोक्ता समिति मार्फत | |
| | जम्मा | | २५००००० | ६४२८५० | ४२८५८० | ३५,७१,४३० | | |

## निर्णय नं. ३

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको पाँचौ नगर सभा गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको पाँचौ नगरसभा मिति २०७६ फागुन १८ गते, १९ गते, २० गते र २१ गते सम्म सभा संचालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालनको लागि जनशक्ति ब्यवस्थापन गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन गर्नको लागि वडा नं. ४, ५, ७ र ८ वडामा नयाँ आधारभुत स्वास्थ्य सेवा संचालन गर्न देहाय बमोजिमको जनशक्ति करारमा भर्ना गरी सेवा संचालन गर्न स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्वन्धी कार्यविधिबाट लेखि आएको हुँदा निम्न बमोजिमका जनशक्ति करारमा भर्ना गरी काम सुचारु गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका, सर्लाही

मिति २०७६।११।०४

| क्र.सं | पद | सेवा, समुह | तह | दरवन्दी | तलव भत्ता ब्यहोर्ने श्रोत |
|---|---|---|---|---|---|
| १ | अ.हे.व. | स्वास्थ्य | चौथो | ४ | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन खर्चका लागि विनियोजित बजेटबाट |
| २ | अ.न.मी. | स्वास्थ्य | चौथो | ४ | |
| ३ | कार्यालय सहयोगी | विविध | श्रेणी विहिन | ४ | |

## निर्णय नं. ५

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा एम.वि.वि.अस. डाक्टर करारमा राख्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा एम.वि.वि.अस. डाक्टर करारमा राख्नको लागि विज्ञापन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको बाख्रा साटासाट कार्यक्रम संचालन कार्यविधि २०७६ सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको बाख्रा साटासाट कार्यक्रम संचालन कार्यविधि २०७६ पारित गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका, सर्लाही